कमलबजार नगरपालिका, अछाम

# स्थानीय राजपत्र

खण्ड २) संख्या : १९ प्रकाशित मिति : २०७७/०४/०८

## भाग २

कमलबजार नगरपालिका, अछाम

स्वीकृत मिति : २०७७/०३/११

प्रमाणिकरण मिति : २०७७/०४/०८

*नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम कमलबजार नगरपालिका अछामको नगर सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।*

# सुत्केरी आमासंग उप-प्रमुख पोषण कोसेली कार्यक्रम संचालन कार्यविधि २०७७

सक्नेछ ।

७.२. कार्यबिधिको संशोधन तथा परिमार्जन : कार्यपालिकाको बैठकले यस कार्यबिधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

७.३. अनुसुचीमा हेरफेर तथा थपघट : कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

७.४. बाझिएमा : यो कार्यबिधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलीत कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

७.५. कारवाही : यस कार्यबिधि विपरित कमलबजार नगरपालिका क्षेत्र बाहिर का महिलाको हकमा गर्न / गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिश तथा सहयोग गर्न पाईने छैन ।



# कमलबजार नगरपालिका

## सुत्केरी आमासंग उप-प्रमुख पोषण कोसेली कार्यक्रम संचालन कार्यविधि २०७७

स्वीकृत मिति : २०७७०३११

## प्रस्तावना

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्य बाट प्राप्त हुने आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूती गरेकोले गुणस्तरीय स्वास्थ्य तथा पोषण प्रवर्दन गर्न नगरपालिका भित्र सुत्केरी हुने आमाहरुको उच्च सहभागिताको सुनिश्चितता गर्दै आमा तथा बालबालिकाको शारीरिक, मानसिक र बौद्रिक बिकासमा सुधार ल्याउन पोषिलो खाना खान उत्प्रेरित सशक्तिकरण गर्न बान्छनीय भएकोले, कमलबजार नगरपालिकाले सुत्केरी आमासंग उप-प्रमुख पोषण कोसेली कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०७७ बनाएको छ । यो कार्यबिधि कमलबजार नगरपालिका नगर सभाको बैठक बाट स्वीकृत भएको मिति बाट लागु हुने छ ।

## १. उद्देश्य

१.१.मातृ तथा बाल स्वास्थ्यका साथै पोषण सेवा उपलब्ध गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउन,

१.२ आमा तथा अभिभावकहरु लाई पोषण सेवाको जानकारी गराउन र सेवा लिनको लागि अभिप्रेरित गर्न,

१.३. मातृ शिशु स्वास्थ्यमा समुदाय र स्थानीय स्वास्थ्य संस्था बिच सहकार्य बढाउन,

१.४. लक्षित समुदाय लाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुती दिलाउन,

१.५. गरिब , जोखिममा परेका र सामाजिक रुपमा उपेक्षित बर्गको महिलाहरुलाई

स्वास्थ्य सेवामा सहभागी हुने अवसर प्रदान गर्न,

१.६. प्रजनन स्वास्थ्य एक आधारभुत स्वास्थ्य सेवा भएको र यो सबैको अधिकार भएको कुरा समुदायको लक्षित बर्गसम्म जानकारी गराउन तथा उनीहरुलाई यसको बारेमा सचेत गराउन,

१.७. स्वास्थ्य सेवाको उपयोगितामा बृद्घि गर्दै संस्थागत सुत्केरी सेवामा वृद्घि गर्न,

## २. पोषण कोसेली प्रदान गर्न सकिने :

२.१. आ.ब. ०७७।७८ को श्रावण १ गते देखि अस्पताल वा स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाको हकमा मात्र यो कार्यबिधि लागु हुनेछ,

२.२. कमलबजार नगरपालिकाको स्थायी बासिन्दा भई सम्बन्धीत वडाको सिफारिश भएको ,

२.३. नेपाली नागरिक भई २० वर्ष उमेर पुरा भएकी लाई मात्र,

२.४. कमलबजार नगरपालिका भन्दा अन्यत्रको नागरिकता भएमा बिवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी,

२.५. नेपालको अन्य कुनै जिल्ला बाट बसाई सराई गरि आएका नेपाली नागरिकको हकमा बसाई सराई दर्ता प्रमाण पत्र को प्रतिलिपी ,

२.६. यो कोसेली सेवा सुत्केरी महिलाले २ पटक सुत्केरी अवधी सम्म मात्र पाउने छन् ।

## ३. पोषण कोसेली पाउने आधारहरु :

३.१. सुत्केरी महिलाको उमेर २० वर्ष पुरा भएको हुनु पर्ने ,

३.२. सुत्केरी आमाले नेपाल सरकारले तोके बमोजिम स्वास्थ्य संस्थामा चार पटक गर्भ जाँच गरेको हुनु पर्ने,

३.३. सुत्केरी स्वास्थ्य संस्थामा भएको हुनु पर्ने,

३.४. तिन पटक सुत्केरी जाँच गरको हुनु पर्ने,



## ४. आवश्यक कागजातहरु:

४.१. अनुसूची-१ बमोजिमको फारम भरिएको निबेदन र सो निबेदनमा सम्बन्धीत महिला स्वास्थ्य स्वयमसेवीकाको सिफारिश,

४.२. सुत्केरी आमाको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

४.३. शिशुको अस्पताल वा स्वास्थ्य संस्था बाट प्राप्त जन्म दर्ता कार्ड प्रमाण पत्रको प्रतिलिपी,

४.४. अन्य जिल्ला बाट बसाई सराई गरि आएको भए प्रमाण पत्रको प्रतिलिपी,

४.५. कमलबजार नगरपालिका भन्दा अन्यत्रको नागरिकता भएमा बाबु आमाको विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी,

४.६. अस्पताल वा स्वास्थ्य संस्थाले उपलब्ध गराउने गर्भवती तथा नवजात शिशु कार्डको प्रतिलिपी,

## ५. पोषण कोसेलीमा प्रदान गरिने सामग्रीहरु :

५.१ कमलबजार नगरपालिका अन्तर्गत अस्पताल वा प्रसुती केन्द्र रहेको स्वास्थ्य संस्थाहरुमा निबेदन दर्ता भएका प्रत्येक सुत्केरी महिलालाई एक पटक रु.१५००।- (एक हजार पाँच सय) बराबरको पोषण कोसेली उपलब्ध गराईनेछ । यसरी उपलब्ध गराईने पोषण कोसेली कमलबजार नगरपालिकाले स्थानीय प्रसुती केन्द्र रहेको स्वास्थ्य संस्थाहरु वा अस्पतालमा त्रैमासिक रुपमा नगरपालिकामा नगरप्रमुख, नगर उपप्रमुख , वडा अध्यक्ष वा अन्य प्रतिनिधी वा स्वास्थ्य संस्थाका प्रमुखहरु मार्फत वितरण गरिने छ ।

## ६. पोषण कोसेलीमा प्रदान गरिने सामग्रीहरु

कमलबजार नगरपालिकाको कायालयको बजेटको परिधिमा रहि प्रती सुत्केरी महिलाले रु.१५००। (एक हजार पाँच सय) बराबरको स्थानीय बजारमा उपलब्ध हुने अण्डा, घ्यू, झोला तथा सरसफाई सामाग्रीहरु वितरण गरिने छ ।

## ७. विविध

७.१. बाधा अडकाउ फुकाउन सक्ने : यस कार्यबिधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन

# अनुसूची (१)

## पोषण कोसेली सेवा लिन पेश गरिने निवेदनको ढाँचा

कमलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कमलबजार, अछाम ।

**बिषय : पोषण कोसेली उपलब्ध गराई पाँउ ।**

१) सुत्केरी आमाको नाम :

२) सुत्केरी आमाको नागरिकता प्रमाण पत्र नं...................... र नागरिकता लिएको जिल्ला :.......................................

३) पति/अभिभावकको नाम र नागरिकता प्रमाण पत्र नं. :......................

४) सम्भव भएमा नवशिशुको नाम :..................

५) जन्म मिति :....................

६) नवशिशु जन्मेको अस्पताल वा स्वा.संस्थाको नाम :...........................

७) जन्म दर्ता प्रमाण पत्र नम्बर :....................................................

८) सुत्केरी आमाको नागरिकता अन्यत्रको भएमा विवाह दर्ता प्रमाण पत्र नं. :....

९) बसाई सराई गरी आएको हकमा बसाई सराई दर्ता प्रमाण पत्र नं. :

१०) ठेगाना : जिल्ला : ................ गा.पा./न.पा. ............ वडा नं. ......... टोल ......... ब्लक नं. ................

११) सम्बन्धीत क्षेत्रको महिला स्वास्थ्य स्वयमसेवीकाको सिफारिश/सहि

१२) परिचय खुल्ने प्रमाण पत्र : नागरिकता/जग्गाधनी प्रमाण पुर्जा/मतदाता परिचयपत्रको प्रतिलिपी/महिला स्वास्थ्य स्वयमसेवीकाको सिफारिश/ अन्य प्रमाण :

निवेदकको
नामः
ठेगानाः
मितिः
दस्तखतः
सम्पर्क नं.: